कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन, रुपन्देही
Kanchan, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८२/८३
चलानी नं./Dispatch No.:- —

मिति:२०८२/०५/११
ने.सं.११४५ञंलाथ्व चतुर्थी

**विषय: सामुदायिक विद्यालयहरुलाई प्रस्तावना पेस गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अनुसार कञ्चन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई प्रस्तावना पेस गरेको आधारमा विद्यालयहरुका लागि संघीय् सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत फर्निचर, पङ्खा, डिजिटल बोर्ड र खानेपानी व्यवस्थापन गर्ने कार्यक्रम रहेकाले यस कार्यक्रमको बिस्तृत विवरण र कार्यान्वयन योजना सहित विद्यालय व्यवस्थापन समितिको निर्णय समेत संलग्न गरी निम्न ढाँचामा रही सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन जानकारी गराइन्छ। म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारबाही नहुने बेहोरा समेत अनुरोध छ।

**<u>प्रस्तावनाको ढाँचा:</u>**

१. विद्यालय सुधार योजना:-

क) विद्यालयको छोटो चिनारी

ख) भौतिक अवस्था, क्षेत्रफल, भवन संख्या, कक्षा कोठा संख्या, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान, कम्पाउण्ड वाल, पुस्तकालय, प्रयोगशाला, विद्यार्थी परिवहन साधन, अन्य,

ग) विद्यालय व्यवस्थापन सम्वन्धी अवस्था,

घ) विद्यार्थी संख्या,

ङ) शिक्षकहरुको विवरण,

च) गत विगत तीन आ.व.मा संघ/प्रदेश/स्थानीय तहबाट उपलब्ध गराइएको अनुदान /सहयोग भए सोको वास्तविक प्रगति र प्रतिफल सम्बन्धी विवरण,

| कार्यक्रमको नाम | संघ/प्रदेश/स्थानीय सरकारबाट उपलब्ध रकम | प्रगति | प्रतिफल | कैफियत |
|---|---|---|---|---|
| फर्निचर | | | | |
| पङ्खा | | | | |

०८२/५/११
माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| डिजिटल वोर्ड | | | | |
| खानेपानी व्यवस्थापन | | | | |

२. प्रस्तावनाको उदेश्य,

३. प्रस्तावनामा माग गरेको कार्यक्रमः फर्निचर व्यवस्थापन, डिजिटल वोर्ड, पङ्खा ,खानेपानी व्यवस्थापन के हो खुलाउने।

४. कार्य योजना,

५. अनुमानित लागत,

६. स्रोत व्यवस्थापन,

७. विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच सुनिश्चितता तथा गुणस्तर अभसवृद्धिका लागि कार्य योजना,

८. अपेक्षित उपलब्धी,

९. अपेक्षित प्रतिफल सूचक,

१०. जोखिम,

११. निष्कर्ष

प्रस्ताव साथ संलग्न कागजातहरु

क) वि.व्य.स. को निर्णय,

ख) आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन।

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत